# ६ सर्वसाधारण मानिसहरुलाई येशूको मर्यादित अनुयायी बनाउनु

*यस अध्यायका मूल पदहरू:* लूका २:२१-२८, मत्ती १५:३२-३९, मत्ती १६:१३-१७, लूका १२:६,७, लूका १३:१-५, याकूब २:१-९।

*स्मरण गर्नुपर्ने पद:* "एक दिन येशू गालिल समुद्रको किनारामा हिँड्दै हुनुहुन्थ्यो। त्यहाँ उहाँले सिमोन (पत्रुस) र उनको भाई आन्द्रुलाई भेट्नुभयो। तिनीहरूले त्यस तालमा जाली हाल्दै थिए। तिनीहरू माछा मार्ने माझीहरू थिए। "मेरो पछि लाग" येशूले भन्नु भयो। "मानिसहरूलाई पक्रिने सक्षमता म तिमीहरूलाई दिन्छु।" तुरन्तै तिनीहरूले आआफ्ना जालीहरू छोडे र उहाँलाई पछ्याए।" (मर्कूस १:१६-१८ रूपान्तरित)।

हामी सबै जना पापीहरू हौं र परमेश्वरको अनुग्रहको खाँचो भएका मानिसहरू हौं भनेर ख्रीष्टको मृत्युले देखाएको थियो। क्रुसको छत्रछायाँमुनी सबै किसिमका भिन्नताहरू छताछुल्ल हुन्छ। तर हाम्रो प्रचारप्रसार गर्ने काममा कहिलेकाहि यस महत्त्वपूर्ण तथ्यलाई विर्सन्छौं र संसारको अगाडि समाजका आदरणीय र महान् व्यक्तित्वहरूको मन जित्न खोज्दछौं।

हुने खाने सम्पन्न व्यक्तिहरूकहाँ मात्र पुग्ने येशूको निति थिएन। उहाँलाई थाहा थियो कि त्यस्ता सम्पन्न तथा प्रतिस्थित व्यक्तिहरूले संसारबाट सम्मान र कदर पाउँछन्। तिनीहरू सर्वसाधारणको सामु महान् देख्छन् तर कतिपय अवस्थामा तिनीहरूको जीवन खोक्रो र अर्थहीन भएको हुन्छ। यथार्थमा भन्ने हो भने येशूलाई दुःख दिने वा उहाँलाई गलत सम्झिनेहरूमा समाजका अत्यन्त सफल, सम्पन्न र प्रवुद्ध वर्गहरू थिए। तिनीहरूमा धर्मको रक्षा गर्ने भन्ने शक्तिशाली फरिसी पण्डितहरू थिए। धनले सुसम्पन्न सदुकीहरू थिए भने पाश्चात्य मूलका धनी रोमीहरू थिए। तिनीहरूको ठिक विपरित सर्वसाधारण जनताहरू उहाँकहाँ झुम्मिन्थे र उहाँलाई स्वीकार गर्दथे। ती सर्वसाधारण जनताहरू खास गरेर सम्पन्न समाजबाट तिरस्कृत

मजदूर वर्गहरू थिए भने पनि हुन्छ। जस्तैः सिकर्मी, माझी, किसानी, गृहिणी, गोठाला, सैनिक र नोकरचाकर आदिहरू।

## १. मामुली ठाउँमा जन्मेर सुरू भएको येशूको जीवन (लूका २:२१-२८)

देहायका पदहरूले येशू कस्तो आर्थिक वर्गमा जन्मनु भएको थियो भनेर बताउँदछन्। निम्न वर्गमा जन्मुभएको येशूले परमेश्वरको निम्ति सेवाकार्यमा त्यस वर्गले कसरी प्रभाव पार्न सक्थे होला? हेर्नुहोस्ः लूका २:२१-३२ " आठौं दिनमा बालकको खतना हुँदा उहाँको नाउँ येशू राखियो, जुन नाउँ उहाँ गर्भमा आउन अघि स्वर्गदूतले दिएका थिए। २२ मोशाको व्यवस्थाअनुसार तिनीहरूको शुद्ध हुने समय पूरा भएपछि तिनीहरूले उहाँलाई परमप्रभुको सामुन्ने समर्पण गर्न यरूशलेममा ल्याए, २३ जस्तो परमप्रभुको व्यवस्थामा लेखिएको छ, "पहिलो जन्मने हरेक जेठोचाहिँ परमप्रभुको निम्ति पवित्र कहलाइनेछ।" २४ अनि "एक जोर ढुकुर वा परेवाको दुई वटा बचरा" भनी परमप्रभुको व्यवस्थामा भनेजस्तै तिनीहरू बलिदान चढ़ाउन आए। २५ यरूशलेममा शिमियोन नाउँ भएका एक जना मानिस थिए। उनी इस्राएलका सान्त्वनाको आशा गर्ने धर्मी र भक्तजन थिए, र पवित्र आत्मा उनीमाथि हुनुहुन्थ्यो। २६ "परमप्रभुका ख्रीष्टलाई नदेखेसम्म तिमी मर्नेछैनौ" भन्ने प्रकाश उनले पवित्र आत्माबाट पाएका थिए। २७ उनी पवित्र आत्माको प्रेरणामा मन्दिरभित्र आए। जब आमा-बुबाले बालक येशूलाई उहाँको निम्ति व्यवस्था अनुसारको विधि गर्नलाई मन्दिरभित्र ल्याए, २८ तब उनले उहाँलाई आफ्नो काखमा लिए, र परमेश्वरलाई धन्यवाद दिएर भने, ""अब हे परमप्रभु, आफ्नो वचनअनुसार तपाईंले आफ्नो दासलाई शान्तिसँग बिदा दिनुहोस्। ३० किनकि मेरा आँखाले तपाईंको उद्धार देखेका छन्, ३१ जो तपाईंले सबै मानिसहरूका सामुन्ने तयार पार्नुभएको छ, ३२ अन्यजातिहरूलाई प्रकाशको निम्ति ज्योति र तपाईंको जाति इस्राएललाई महिमाको निम्ति ज्योति।", मर्कूस ६:२-४ "शबाथ-दिनमा उहाँले सभाघरमा शिक्षा दिन लाग्नुभयो। धेरै जना सुन्नेहरूले छक्क परेर भने, "यस मानिसले यी सब कहाँबाट पायो? यिनलाई दिइएको यो ज्ञान कस्तो हो? यिनका हातबाट भएका कार्यहरू कति शक्तिशाली? ३ के यिनी त्यही सिकर्मी होइनन् र? के यिनी त मरियमका छोरा तथा याकूब, योसेफ, यहूदा र सिमोनका दाजु

होइनन् र? के यिनका बहिनीहरू पनि हामीसँगै छैनन् र?" अनि तिनीहरू उहाँसँग चिढ़िए। ४ तब येशूले तिनीहरूलाई भन्नुभयो, "अगमवक्तालाई आफ्नो देश र आफ्नो नातादारहरूका बीचमा र आफ्नै घरमा बाहेक अन्त कहीं अनादर हुँदैन।" ५ र उहाँले त्यहाँ कुनै-कुनै रोगीहरूमाथि आफ्ना हात राखेर तिनीहरूलाई निको पार्ने कामबाहेक अरू कुनै शक्तिशाली काम गर्नु सक्नुभएन। ६ तिनीहरूको अविश्वास देखेर उहाँ छक्क पर्नुभयो।" र लेवी १२:७-८ " 'स्त्रीले छोरा वा छोरी जन्माएपछि त्यसको लागि विधिहरू यी नै हुन्। ८ थुमा ल्याउने त्यसको औकात छैन भने त्यसले दुई वटा ढुकुर अथवा परेवाका दुई वटा बचेरा– एउटा होमबलिको निम्ति र अर्को पापबलिको निम्ति ल्याओस्। यसरी पूजाहारीले त्यसको निम्ति प्रायश्चित गर्नेछन्, र त्यो शुद्ध ठहरिनेछे'।"

युसुफ र मरियमले ल्याएका बलीले तिनीहरू कस्तो गरिब थिए भनेर स्पष्ट रूपमा देखाउँदछ। औकात हुनेले पाठो ल्याउनु पर्छ भनेर लेबीहरूको पुस्तक १२:८मा लेखिएको छ। यो मोशाको व्यवस्था अनुसार बसालिएको परम्परा थियो। तर करुणामय परमेश्वरलाई थाहा थियो कि उहाँको उपासना गर्नेहरू सबै सम्पन्न हुन्छ भन्ने छैन त्यसकारण धेरै गरिवहरूको निम्ति ल्याउने कम मूल्यको बलि चढाउने प्रावधान थपेको थियो। निम्न वर्ग वा गरिबले पाठोको सट्टा कम मूल्यको ढुकुर वा परेवा परमेश्वरलाई चढाउन ल्याउन सक्थ्यो। जुन तवेला वा गोठमा येशू जन्मनु भयो र जुन घरमा उहाँ रहनुभयो त्यसले उहाँ कुनै विशिष्ट वा सम्पन्न वर्गमा नहुर्की सर्वसाधारण गरीव परिवारमा हुर्कनुभएको थियो भनेर देहाउँछ। अझ पुरातत्वविदहरूले यो पत्ता लगाएकी येशूको घरगाउँ नाजरथ थियो जुन् गरिव र तिरस्कृत थियो। हो, सबैलाई चाहिने सिकर्मीको काम आदरणीय थियो, यद्यपि सिकर्मी पेशा भएको धर्मपिताको घरमा जन्मिन्दा येशू कुनै धनी वा प्रतिष्ठितहरूको बीचमा हेमचेम भएर हुर्कनुभएको थिएन।

"येशूका आमाबाबु गरीब थिए। तिनीहरू दिन दिनै काम गरेर खानु पर्थ्यो। निर्धन वा गरीब हुनु भनेको के हो भनेर येशूलाई स्पष्ट थाहा थियो। यस गरीब वर्गमा जन्मिनु भएकोले उहाँ सुरक्षित हुन पुगेको थियो। येशूको बालककाल र युवा जीवनमा कुनै पनि अल्छपनालाई उहाँले निम्त्याउनु भएको थिएन। नराम्रो प्रभाव वा गलत

आचरण भित्राउन उहाँको जीवनमा कुनै पनि खाली समय दिनुभएको थिएन। सकेसम्म शैतानले ल्याउने कुनै किसिमको मोह र प्रलोभनको ढोकालाई उहाँले बन्द गर्नुभएको थियो। गलत काम गर्न उहाँले कुनै मौका दिनुभएन। समाजमा रहेका खराब दुष्टहरूलाई उहाँले चनाखो गरेर हेर्नुभएको थियो र त्यसलाई आफूलाई प्रभाव नपार्न आफ्नो मनलाई बलियो गरेर सम्हाल्नुभएको थियो।"-एलेन जी ह्वाइट, द *डिजाएर अभ एजेज्,* पृ. ७२बाट रूपान्तरित।

सारा जगतका सृष्टिकर्ता तथा पालनहार (यूहन्ना १:१-३) मानव चोला लिएर आउनुभयो। फेरि उहाँ मजदुर तथा गरीबको घरमा जन्मनु भएको थियो। यस अचम्मको आत्मज्ञानले तपाईलाई कस्तो बनाउँछ?

## २. जे साधारण छ त्यसलाई परिवर्तन गर्नु (यूहन्ना २:१-११)

येशूले चलन चल्तीमा आएका सामान्य कुराहरूलाई प्रयोग गरि त्यसबाट ज्ञान खिँचेर उहाँको भक्त वा चेला बन्न सिकाउनुभएको थियो जसले गर्दा तिनीहरूको जीवनमा परिवर्तन आएको थियो। हेर्नुहोस् देहायका पदहरूः यूहन्ना २:१-११ “१ तेस्रो दिन गालीलको काना नगरमा एउटा विवाह थियो। येशूकी आमा त्यहाँ थिइन्। २ येशू र उहाँका चेलाहरू पनि विवाहमा निम्त्याइएका थिए। ३ दाखमद्य सिद्धिएपछि येशूकी आमाले उहाँलाई भनिन्, “तिनीहरूसित दाखमद्य छैन।” ४ येशूले तिनलाई भन्नुभयो, “हे नारी, मैले के गर्नुपर्छ मलाई नभन्नुहोस्। मेरो समय अझसम्म आएको छैन।’ ५ उहाँकी आमाले चाकरहरूलाई भनिन्, “उहाँले भन्नुभएबमोजिम तिमीहरूले गर।” ६ अब यहूदीहरूको शुद्धि हुने प्रथाको निम्ति त्यहाँ प्रायः एक सय लिटर अटाउने ढुङ्गाका छ वटा घ्याम्पाहरू राखिएका थिए। ७ येशूले तिनीहरूलाई भन्नुभयो, “घ्याम्पाहरू पानीले भर।” तिनीहरूले घ्याम्पाको मुखसम्मै पानी भरिदिए। ८ उहाँले तिनीहरूलाई भन्नुभयो, “अलिकता उघाएर भोजका मुखियाकहाँ लैजाओ।” तिनीहरूले सो लगे। ९ भोजका मुखियाले त्यो पानी चाखे, जो अब दाखमद्यमा परिणत भएको थियो। त्यो कहाँबाट आएको हो सो तिनलाई थाहा थिएन, तर पानी भर्ने चाकरहरूलाई भने थाहा थियो। तब भोजका मुखियाले दुलहालाई बोलाएर भने, १० “हरेक मानिसले पहिले असल दाखमद्य टक्र्याउँछ अनि मानिसहरूले निकै

खाइसकेपछि मात्र कमसल दाखमद्य राखिदिन्छ। तिमीले त असल दाखमद्य अहिलेसम्म राखिछोड़ेछौ।" ११ उहाँका चिन्हहरूमध्ये यो पहिलो चिन्ह येशूले गालीलको कानामा गर्नुभयो। यसरी उहाँले आफ्नो महिमा प्रकट गर्नुभयो, अनि उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे।" र मत्ती १५:३२-३९ "तब येशूले आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "म यस भीड़लाई टिठ्याउँछु, किनभने यिनीहरू मसँग रहेका आज तीन दिन भयो, अनि यिनीहरूसित खानलाई केही छैन। यिनीहरूलाई भोकै पठाउन म चाहन्नँ। नत्रता तिनीहरू बाटोमा लखतरान होलान्।" ३३ चेलाहरूले उहाँलाई भने, "यस्तो ठूलो भीड़लाई यस निर्जन ठाउँमा खुवाउनु हामीले कहाँबाट यति धेरै रोटी पाउने? ३४ येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसित कति वटा रोटी छन्?" तिनीहरूले भने, "सात वटा रोटी र केही स-साना माछा छन्।" ३५ उहाँले भीड़लाई भूइँमा बस्ने आज्ञा दिनुभयो। ३६ उहाँले ती सात रोटी र माछा लिएर धन्यवाद चढ़ाउनुभएपछि भाँचेर चेलाहरूलाई दिनुभयो, अनि चेलाहरूले मानिसहरूलाई दिए। ३७ तिनीहरू सबैले खाए र तृप्त भए। र उब्रेका टुक्राहरू तिनीहरूले सात डालाभरि उठाए। ३८ स्त्रीहरू र केटाकेटीहरूबाहेक खानेहरू चार हजार पुरुषहरू थिए। ३९ तब भीड़लाई बिदा गरिसकेपछि उहाँ डुङ्गामा चढ्नुभयो, र मगादानको इलाकातिर जानुभयो।"

सर्वसाधारण जनताहरू धर्तीमा भएका जे छ त्यो बाँड्छन्। तिनीहरूको शारीरिक, भावनात्मक र सामाजिक चाहनाहरू पनि एक आपसमा मिल्दो जुल्दो हुन्छ। तिनीहरूको निम्ति साथीभाई, खाना र समाजमा मेरो केही काम छ भन्ने भावनाको चाहना हुन्छ। येशूले ती चाहनाहरूलाई बुझ्नुभएको थियो। येशूले आफूलाई त्यस्तो परिस्थितिमा राख्नु भयो जसले गर्दा ती सर्वसाधारणका चाहनाहरूमा संवेदनशील हुनुभयो र तिनीहरूले उहाँलाई आफ्नै ठान्न अवसर दिनुभयो।

येशूले पानीलाई अत्यन्त मिठो दाखरस बनाउनु भयो जुन कुहाएर बनाइएको रक्सी थिएन। माछा मार्नेहरूलाई प्रखर प्रचारक बनाउनु भयो (मर्कूस १:१६-१८)। अत्यन्त सर्वसाधारण मानिसहरूलाई परमेश्वरको कर्मठ कार्यकर्ता बनाउन उहाँ निपुण हुनुहुन्थ्यो। तर जान्ने भनाउँदाहरूले प्रायजसो उहाँको अधिकारलाई प्रश्न गरेका थिए (मर्कूस

६:३)। उहाँ किन सादा जीवन बिताउनु भयो र अरू जस्तो सम्पन्न र प्रभावशाली व्यक्तिको जीवन बिताउनु भएन भनेर छक्क पर्दथे। समाजमा प्रभावकारी व्यक्तित्वको धनसम्पत्ति र बल हुनुपर्ने तिनीहरूको अपेक्षा थियो। तर जब येशूमा तिनीहरूले अपेक्षा गरेको अनुसार रवाफिलो जीवन बिताउनु भएन तब कतिपय मानिसहरूले उहाँमाथि तिरस्कारको दृष्टिले हेर्दथे।

प्रायजसो अरू मानिसहरूले सरल र तल्लो स्तरका भनेर हेला गर्ने मानिसहरूप्रति येशूको ध्यान जान्थे। यस्ता मानिसहरू सरल र साधारण भएको कारणले तिनीहरूको सफलतालाई परमेश्वरलाई श्रेय दिन र उहाँमाथि पूरा भरोसा तिनीहरू राख्न तयार थिए। धनी, सम्पन्न, प्रख्यात, अधिकार पाएर फुलेका र बलियाहरूले आफू भन्दा महान् शक्तिको आवश्यकता भएको महशूस गर्दैनन् वा महशूस गरेतापनि वास्ता गर्दैनन्। आफ्नो धन, बल, अधिकारको निम्ति परमेश्वरको हात छैन आफ्ने बाहुबलको फल हो भन्ने मनस्थिति अत्यन्त डरलाग्दो झुठो धारणा हो। येशूको पालामा धेरै सम्पन्न, शक्तिशाली र अत्यन्त शिक्षित मानिसहरू थिए जसको नाउँ अहिले कसैलाई थाहा छैन। तर आफूलाई परमेश्वरलाई दिइएको कारणले धेरै सर्वसाधारण मानिसहरू जस्तै किसानी, माझी, सिकर्मी, गोठाला, कुमाले, गृहणी र नोकरचाकरहरू ख्रीष्टको निम्ति अत्यन्त प्रभावकारी गवाही हुन परिवर्तन भएका थिए।

**समाजमा अत्यन्त सफल व्यक्ति, धनाढ्य र लोकप्रिय मानिसहरू देखेर हामीहरू केही मात्रामा छक्क पर्दछौं। तिनीहरूको त्यस उन्नतिप्रति तपाईंको मन कतिको खुम्च्याउनु हुन्छ? तर तिनीहरू जो सुकै भएतापनि वा चाहे जतिसुकै शक्तिशाली, प्रख्यात, धनी, वुद्धिमानी वा लोकप्रिय भएतापनि तिनीहरू आआफ्नै ठाउँमा आआफ्नै ठाउँको मूल्य हुन्छ भनेर स्वीकार गर्न तपाईं कतिको तयार हुनुहुन्छ?**

## ३. आफूलाई पछ्याउन कमजोर माझीलाई येशूको आह्वान (लूका ५:१-११)

येशूका चेलाहरूमा पत्रुस सब भन्दा प्रख्यात चेला भएको नयाँ करारका प्रथम् चार सुसमाचारको पुस्तकहरूले देखाएका छन्। हुन त इसाई जगतको इतिहासमा उनी अत्यन्त प्रख्यात भएर नै मरेका थिए।

रुखो, रिसाहा, सोचबिचारै नगरी अघि बढ्ने वा बोल्ने मानिसलाई येशूको सङ्गतमा परेर कस्तो किसिमको परिवर्तन ल्याएको थियो भन्ने ज्वलन्त उदाहरण पत्रुसको जीवनबाट हामी पाउँछौं।

पत्रुसमा कमिकमजोरी धेरै भएतापनि येशूको मातहतमा रहन्दा कसरी आत्मपरिवर्तन भयो भनेर देहायका केही पदहरूले देखाउँदछन्। त्यसबाट हामीले के सिक्न सक्छौं त्यो मनन गर्दा हाम्रै हित हुन्छ भनेर सोच्नु आवश्यक छ।

प्रथमतः पत्रुसलाई येशूको आवश्यकता भएको जनाएको थियो। त्यसबाट हामीलाई पनि येशूको आवश्यकता भएको महशूस गर्नु पर्दछ। हेर्नुहोस् लूका ५:१-११ "मानिसहरू परमेश्वरको वचन सुन्न उहाँका चारैपट्टि ठेलमठेला गरिरहेका थिए, अनि उहाँ गनेसरेत झीलको किनारमा उभिरहनुभएको थियो। २ उहाँले झीलको किनारमा दुई वटा डुङ्गा देख्नुभयो, तर जालहारीहरूचाहिँ डुङ्गा बाहिर बसी आफ्ना जालहरू धोइरहेका थिए। ३ ती दुईमध्ये एउटा डुङ्गाचाहिँ सिमोनको थियो। त्यसमा चढ़ेर उहाँले डुङ्गालाई किनारबाट अलि पर लैजान लाउनुभयो। उहाँले डुङ्गामा बसेर भीड़लाई शिक्षा दिन लाग्नुभयो। ४ बोलिसक्नुभएपछि, उहाँले सिमोनलाई भन्नुभयो, "गहिरोतिर लगेर माछा पक्रनलाई आफ्ना जाल हान।" ५ तर सिमोनले भने, 'गुरुज्यू, हामीले रातभरि मेहनत गरेर पनि केही फेला पारेनौं, तापनि तपाईंको वचनअनुसार म जाल हान्नेछु।" ६ अनि जब त्यसो गरे, तब तिनीहरूले एक थुप्रो माछा पक्रे, र तिनीहरूका जाल फाट्न लागे। ७ तिनीहरूले अर्को डुङ्गामा भएका साझेदारहरूलाई आएर सहायता गर्ने इशारा गरे, र आएर तिनीहरूले दुवै डुङ्गा माछाले भरे, यहाँसम्म कि डुङ्गाहरू डुब्न लागे। ८ तब यो देखेर येशूको पाउमा घोप्टो परी सिमोन पत्रुसले भने, "हे प्रभु, मबाट जाइजानुहोस्, किनभने म पापी मानिस हुँ।" ९ यतिका माछा पक्रेको देखेर तिनी र तिनको साथमा हुनेहरू सबैले साह्रै अचम्म माने। १० त्यसै गरी जब्दियाका छोराहरू याकूब र यूहन्ना पनि छक्क परे। तिनीहरू सिमोनसँग साझेदार थिए। येशूले सिमोनलाई भन्नुभयो, "नडराऊ, अब उप्रान्त तिमीले मानिसहरूलाई पक्रनेछौ।" ११ अनि जब तिनीहरूले आफ्ना डुङ्गाहरू पाखामा ल्याए, तिनीहरूले सबै थोक त्यागे, र उहाँको पछि लागे।"

पवित्र आत्माको अगुवाईमा चल्न पत्रुस राजी थिए भनेर मत्ती १६:१३-१७ले यसरी बताउँछ "येशू कैसरिया फिलिप्पीको मुलुकमा आउनुभएपछि, उहाँले आफ्ना चेलाहरूलाई सोध्नुभयो, "मानिसहरूले मानिसको पुत्रलाई को हो भनी भन्छन्?" १४ तिनीहरूले जवाफ दिए, "कसैले बप्तिस्मा-दिने यूहन्ना, कसैले एलिया, र कसैले यर्मिया वा अगमवक्ताहरूमध्ये कुनै एक जना हुन् भनी भन्छन्।" १५ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू के भन्छौ, म को हुँ?" १६ सिमोन पत्रुसले जवाफ दिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र।" १७ येशूले तिनलाई भन्नुभयो, "योनाको छोरो सिमोन, तिमी धन्य हौ। किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो।"

पत्रुस कस्तो कमजोरी मानिस थियो तै पनि आफूलाई परमेश्वरको हातमा सुम्पिन्दा उहाँले उनलाई कसरी सक्षम् बनाउनुभएको थियो भनेर मत्ती २६:७५ले यसरी देखाउँछ " तब पत्रुसलाई येशूले भन्नुभएको यो कुरा याद भयो, "भाले बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ।" तब तिनी बाहिर गएर धुरुधुरु रोए।"

पत्रुससँग येशूले धेरै व्यक्तिगत समय बिताउनु भएको थियो। येशूसँग रहेर पत्रुसले धेरै अलौकिक प्रभावकारी अनुभवहरू गरेका थिए। धेरै कमीकमजोरी भएको पत्रुस माछा मार्ने साधारण मानिस थिए भन्नुमा कसैको दुईमत छैन। उसले धेरै भयङ्कर भूलहरू गरेतापनि येशूको साथमा रहेकोले उनमा भारी परिवर्तन आएको थियो। मानिसहरूको डरले येशूलाई म चिन्दिन भनेर एक पल्ट होइन तिन पल्ट उहाँलाई अस्वीकार गर्नु जस्तो आत्मिक अपराध के होला? आफू एकदम आत्मस्वाभिमान नहुनु भनेर सिकाउन येशूले उनलाई अगावै त्यस्तो हुनेछ भनेर जनाव दिनुभएको थियो।

पत्रुसबाट हामी धेरै पाठहरू सिक्न सक्छौं। जब पत्रुसले येशू को हुनुहुन्छ भनेर चिने तब उनले आफ्ना कमजोरी तथा भूलहरूको महशूस गर्न अवसर पाए। पत्रुसको कमजोरी र त्रुटीपूर्ण स्वभावलाई सच्याएर विश्वको इतिहास परिवर्तन गर्ने व्यक्तित्वमा येशूले उनलाई ढाल्नुभएको थियो।

**कमीकमजोरी तथा गलत स्वभावले गर्दा मुक्ति पाइने छैन भनेर कुनै पनि मानिसलाई मूल्याङ्कन गर्न बाट हामी किन सतर्क हुनुपर्छ? अरूको बारेमा झट्ट न्याय वा मूल्याङ्कन गर्न किन सजिलो छ?**

## ४. परमेश्वरबाट आउन दिएको परिक्षा (लूका १२:६,७)

आफ्नो कार्यक्रमहरूमा माथिल्लो दर्जाका धेरै मानिसहरू समावेश भए भनेर एक जना प्रचारकले फाईँफुट्टी लगाएको थियो। तर सर्वसाधारण तथा तल्लो दर्जाका मानिसहरू पनि उसकहाँ आएका थिए भन्न उनले चाहेको देखिएको थिएन। ख्रीष्टले मानिसहरूको पद, दर्जा वा वर्ग अनुसार मूल्याङ्कन गर्नुभएको थिएन। जुनसुकै वर्गका मानिसहरू उहाँकहाँ आओस् त्यसको पर्वाह उहाँले गर्नुभएको थिएन। उहाँको अगाडि को ठूलो, को सानो भन्ने भेद थिएन। कुनै मानिसलाई पनि उहाँले मामुली ठान्नुभएको थिएन। उहाँको अगाडि सबै जना विशिष्ट थियो। त्यसैकारण दैनिक सामान्य जीवनमा हुने वा देखिने कुराहरूलाई उदाहरण बनाएर सर्वसाधारण मानिसहरूकहाँ उहाँ सिकाउन पुग्नुभएको थियो। उहाँका वचनहरू अलङ्कारित वा मानिसलाई रिझाउने खालका थिएन। उहाँले घुमाई घुमाई बोल्नुभएन तर सिधै बोल्ने उहाँको बानी थियो। कुनै कुरामा दिनुपर्ने ध्यानमा उहाँ चुक्नु भएको थिएन। त्यसकारण आजभोलीका विश्वासी जनहरू जसले मानिसको अगाडि सुसमाचार प्रचारमा जान्छन् कसैप्रति पक्षपातपूर्ण व्यवहार नगर्न चनाखो हुनुपर्दछ। (येशूको सुसमाचार इज्जतदार मानिसहरूको निम्ति पनि हो, समाजमा पिछडिएका मानिसहरूको निम्ति पनि हो)।

**देहायका पदहरूले परमेश्वरको सामु सबै जना कस्तो बहुमूल्यका छन् भनेर सिकाउँदछन्। हो, बाहिरीरूपमा सबै जना समान छन् भनेर हामी भन्दछौं होला। तर यथार्थमा जात वा वर्गहरूको नाउँमा कसैलाई काखमा च्याप्ने वा कसैलाई पाखा लगाउने बानीमा हामी दोषी छैनौं भन्ने दावी के हामी गर्न सक्छौं? याद गर्नुहोस् क्रुसले सदाको निम्ति सबै वर्गहरूलाई एकनासमा राखिएको छ। हेर्नुहोस्: लूका १२:६,७ "के दुई पैसामा पाँच वटा भँगेरा बिक्दैनन्? तीमध्ये एउटालाई पनि परमेश्वरले बिर्सनुहुन्न। ७ तर तिमीहरूका त शिरका केशसमेत गनिएका छन्। यसकारण नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ़ी मोलका छौ।", लूका**

१३:१-५ “त्यसै बेला त्यहाँ कति जना उपस्थित थिए, जसले ती गालीलीहरूका विषयमा उहाँलाई भने, जसलाई पिलातसले हत्या गरी तिनीहरूको रगत बलि भइरहेका पशुको रगतसँग मिसाइदिएका थिए। २ तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, “तिनीहरूले यसरी कष्ट भोगे भन्दैमा, के तिमीहरू ठान्छौ, यी गालीलीहरू अरू सबै गालीलीहरूभन्दा बढ़ी पापी थिए? ३ म तिमीहरूलाई भन्दछु, त्यसो होइन, तर तिमीहरूले पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ। ४ अथवा के तिमीहरू ठान्छौ, ती अठार जना, जो सिलोआममा धरहरा ढलेर मरेका थिए, कि तिनीहरू सबै यरूशलेमवासीहरूमध्ये बढ़ी अपराधी थिए? ५ त्यसो होइन, तर म तिमीहरूलाई भन्दछु, तिमीहरूले पश्चात्ताप गरेनौ भने, तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ।” र मत्ती ६:२५-३४ “यसैकारण म तिमीहरूलाई भन्दछु, ‘के खाउँला, के पिउँला’ भनी आफ्नो प्राणको निम्ति र ‘के लगाउँला’ भनी आफ्नो शरीरको निम्ति फिक्री नगर।’ के जीवन खानेकुराभन्दा र शरीर लुगाफाटाभन्दा उत्तम होइन? २६ आकाशका चराचुरुङ्गीलाई हेर। तिनीहरूले न त बीउ छर्छन्, न अन्न कटनी गर्छन्, न भकारीमा बटुल्छन्, तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा बढ़ी मूल्यवान् छैनौ र? २७ तिमीहरूमध्ये कुनचाहिँले फिक्री गरेर आफ्नो आयुमा एक घड़ी पनि थप्न सक्छ? २८ “अनि लुगाफाटाका निम्ति तिमीहरू किन फिक्री गर्दछौ? मैदानका लिली फूललाई हेर, ती कसरी बढ्दछन्। तिनले न परिश्रम गर्दछन्, न धागो कात्छन्। २९ तर म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्ना सारा वैभवमा तिनीहरूमध्ये एउटा जति आभूषित थिएनन्। ३० आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढ़ी उहाँले पहिराउनुहुनेछैन र? यसकारण ‘के खाऔंला?’ कि ‘के पिऔंला?’ कि ‘के पहिरौंला?’ भनेर फिक्री नगर। ३२ किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ। ३३ तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्। ३४ यसकारण भोलिको निम्ति

फिक्री नगर, किनकि भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ। आजको दुःख आजको निम्ति पर्याप्त छ।"

तत्कालिन इस्राएलको सब भन्दा सस्तो पशुमा भङ्गेरा थियो। एक जोडीको एक आसारियोनमा किनिन्थ्यो। आसारियोन सब भन्दा सानो र तामाको नगन्य सिक्का थियो। त्यस भङ्गेरालाई किनबेच गर्ने कारोबारमा स्वर्गबाट परमेश्वरले पनि नबिर्सीकन हेरिरहनुहुन्थ्यो रे!

परमेश्वरको सामु जाबो भङ्गेरा पनि मूल्यवान छ भने मानिसको त झन कति होला? ख्रीष्ट चराहरूको निम्ति होइन तर हाम्रो निम्ति मर्नुभएको थियो। साँच्चै भनौं भने हामी परमेश्वरको अगाडि कति बहुमूल्यका छौं सो बुझ्न पनि हाम्रो समझभन्दा बाहिरको कुरो हो। प्रत्येक मानिसको निम्ति क्रुसले हामीहरूको मोल असिमित छ भनेर प्रमाणित गर्दछ (एलेन जी ह्वाइटले यस भावनालाई बारम्बार प्रयोग गर्नभएको पाइन्छ)।

हामीप्रति परमेश्वरको अपार प्रेमप्रति भावविभोर भएर टेस्टिमोनिज फर द चर्च, ठेली ८को पृ. ७३मा एलेन जी ह्वाइटले यसरी आफ्नो उदगार व्यक्त गर्छिन् "अनन्त जीवनसम्म रहिरहुन् भनेर केवल एक जनाको लागि भने पनि ख्रीष्ट मर्नुहुन्थ्यो।" केवल एक जनाको निम्ति मात्र भए पनि? यो कस्तो विश्वासै गर्न नसक्ने सोच हो? यसलाई आत्मसात् गर्न हामी सक्षम् भयौं भने अरूहरूप्रति हाम्रो दृष्टिकोण कस्तो होला? परमेश्वरले बहुमूल्य ठान्नु भएको कुनै पनि व्यक्तिलाई यस्तो उस्तो भनेर मूल्याङ्कन वा न्याय गर्नु कत्तिको जायज छ, सोच्नुहोस्।

## ५. वर्गरहित समाज (प्रेरित २:४३-४७)

सुरूका इसाई समाजमा कुनै सामाजिक वर्गहरू थिएन। विश्वासी विश्वासीहरूको बीचमा रहेको समानता अत्यन्त अचम्मको थियो भन्नुमा अत्युक्ति नहोला। सुसमाचार मानिसहरूको हृदयमा पसेपछि कुनै पनि वर्गलाई छुट्याउने पर्खालहरू स्वत भत्किन्थ्यो। सर्वसाधारण जनताहरू तथा समाजबाट तिरस्कृत व पिछडिएका मानिसहरू ख्रीष्टको दायरामा हुँदा सबै जना विशिष्टमा गनिन्थ्यो। सिकर्मी, कर लिने सरकारी कर्मचारी, ढुङ्गा फुटाउने मजदुर, रानी, गृहणी, पुजारी वा पुरेत,

म्लेच्छ वा अन्य जाति भनेर कहलाउने अन्य जातिहरू जस्तै पश्चिमी मूलका रोमी र ग्रीक जाति, पुरुष र महिला, धनी र गरिब श्रमवर्गहरू आदि सबै जना ख्रीष्टको अनुग्रहको राज्यमा समान थिए। इसाई समाज यथार्थतमा “वर्गरहित" समाज हुनुपर्नेमा जोड दिन्दछ।

विभिन्न जात जाति वा वर्गहरूमा मानव जाति विभाजित भएतापनि ती सबै एउटै साझा सुत्रमा बाँधिएको छ भनेर बाइबलको देहायका पदहरूले सिकाउँदछन्। बाइबलका लेखकहरूको सांस्कृतिक र क्षेत्रिय भूमिकाहरूको बारेमा पनि सोच्नुहोस्। विभिन्न वर्गहरूमा विभाजित त्यसबेलाको समाजमा ती लेखकहरूले सबै मानिस समान छन् भन्ने भावना बुझ्न किन सजिलो थिएन होला? हेर्नुहोस्: गलाती ३:२८,२९ “अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।", याकूब २:१-९ “१ मेरा भाइ हो, प्रभु येशू ख्रीष्ट, महिमाका प्रभुमाथि तिमीहरूको विश्वास भएको हुनाले तिमीहरूले कुनै भेदभाव नदेखाओ। २ यदि कोही मानिस सुनका औंठीहरू र राम्रा-राम्रा लुगा लगाएर तिमीहरूको सभामा आयो, र कुनै एक जना गरीब पनि झुत्रे-झाम्रे लुगा लगाएर आयो भने, ३ तिमीहरूले त्यो राम्रो लुगा लाउनेलाई आदर गरेर, “यहाँ राम्रो ठाउँमा बस्नुहोस्” भन्छौ, र त्यस गरीबलाई चाहिँ “तँ त्यहीं उभि” अथवा “मेरा पाउनेर बस्” भन्छौ भने, ४ के तिमीहरूले आफ्नै बीचमा भेदभाव देखाएनौ, र कुविचार भएका न्यायकर्ता भएनौ र? ५ मेरा प्रियहरू, सुन, के परमेश्वरले संसारका गरीबहरूलाई विश्वासमा धनी तुल्याएर त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र? यहि राज्य उहाँलाई प्रेम गर्नेहरूलाई उहाँले दिने प्रतिज्ञा गर्नुभएको होइन र? ६ तर तिमीहरूले त गरीब मानिसको अपमान गरेका छौ। के धनीहरूले तिमीहरूलाई अत्याचार गर्दैनन् र? के तिनीहरूले तिमीहरूलाई अदालतमा लाँदैनन् र? ७ के तिनीहरूले त्यही आदरणीय नाउँको अपवाद गर्दैनन् र, जुन नाउँद्वारा तिमीहरूलाई बोलावट भएको छ? ८ यदि “आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर” भन्ने पवित्र-धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ। (लेवी १९:१८) ९ यदि तिमीहरूले भेदभाव देखायौ भनेता

तिमीहरू पाप गर्दछौ, र व्यवस्थाद्वारा अपराधी ठहरिन्छौ।", १ पत्रुस १:१७ "पनपक्ष नगरी मानिसको कामअनुसार इन्साफ गर्नुहुनेलाई पिता भनी पुकारा गर्छौ भने, तिमीहरूका प्रवासको सम्पूर्ण समय डरसँग बिताओ।", १ पत्रुस २:९ "तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक।" र १ यूहन्ना ३:१६-१९ "१६ यसैबाट प्रेम के हो हामी थाहा पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो। हामीले पनि आफ्ना दाजुभाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ। १७ कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ? १८ साना बालकहरू, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं। १९ यसैबाट हामी जान्न सक्छौं कि हामी सत्यका हौं, र यसरी उहाँको सामुन्ने हाम्रा हृदयलाई ढाड़स दिन सक्छौं।"

फेरि सबै मानिसहरू एकै हुन् भन्ने महत्त्वपूर्ण निति इसाईहरूले व्यवहारमा उतारेको प्रेरित २:४३-४७ र प्रेरित ४:३२-३७मा उल्लेख गरेका छन्। सर्वसाधारणलाई परमेश्वरले प्रेम गर्नुहुन्छ भन्ने सोचलाई मान्दा सुरूको येशूभक्तहरू छिटो संख्यामा बढ्न सहयोग भएको थियो। त्यस परिप्रेक्ष्यमा ध्यानमा राखेर ती मानिस वा समूहले चलाएको निति के यस संसारमा हामीलाई पनि लागु हुन्छ त? सबै मानिसहरूलाई समान दृष्टिका हेर्ने र परमेश्वरका जनहरू उहाँका साझेदारहरू हुन् भन्ने नितिलाई मनमा राख्न हामीलाई केके कुराहरूले रोकिएको छ?, सोच्नुहोस्। हेरौं प्रेरित २:४२-४७ "तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। ४३ हरेकको हृदयमा भय उत्पन्न भयो, र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए। ४४ विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५ तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। ४६ तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, ४७ र

परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।" र प्रेरित ४:३२-३७ “ विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए। ३३ ती प्रेरितहरूले बड़ो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो। ३४ तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गाजमिन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, ३५ र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे। ३६ अब साइप्रस देशको लेवी कुलका योसेफ, जसलाई प्रेरितहरूले बारनाबास भनी नाउँ राखेका थिए (जसको अर्थ उत्साहको पुत्र हो), ३७ उनले आफ्नो जमिन बेचे र त्यो रकम ल्याएर प्रेरितहरूका चरणमा राखिदिए।"

**उपसंहारः**

थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित यी सामग्रीहरू पढ्नुहोस्ः *एजुकेशन,* पृ. २६९,२७०को “द लाइफवर्क" र *ईभान्जलिजम* पृ. ५६४-५६६को “लेबोरिङ्ग फर द मिडिल क्लास।"

“सुसमाचार प्रचार गर्ने पूर्वसंध्यामा ख्रीष्टका सेवकहरू काम गर्न विशाल क्षेत्र खोलेको हुन्छ। सरल तथा साधारण मानिसहरूबाट परमेश्वरको निम्ति काम गर्नेहरू पहिला कहिल्यै नभएको भन्दा बढि लिन आवश्यक भएको हुन्छ। विभिन्न क्षेत्रहरू जस्तै खेतबारी र काम गर्ने स्थानहरूबाट युवा र बुढापाकाहरूलाई परमेश्वरको निम्ति काम गर्न बोलाइने छन्। अनि स्वामी ख्रीष्ट येशूले उहाँको समाचार सुनाउन तिनीहरूलाई विभिन्न ठाउँहरूमा खटाइने छ। कतिपय ती मानिसहरूमा परमेश्वरको निम्ति सुसमाचार सुनाउने तालिम कमैमात्र हुन सक्छ। तर आफ्नो निम्ति काम गर्न सक्षम् भएको भनेर ख्रीष्टलाई थाहा हुन्छ। यदि तिनीहरूले उहाँको निम्ति जे काम गर्छन् दिल खोलेर काम गर्छन् र निरन्तररूपमा सिक्न चाहना गर्छन् भने उहाँको निम्ति काम गर्न उहाँले

तिनीहरूलाई योग्य बनाउनेछन्।"-एलेन जी ह्वाइट, एडुकेशन पृ. २६९, २७०बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. सर्वसाधारण, पिछडिएका, तिरस्कृत मानिसहरूलाई लिएर आफ्ना चेला बनाउन येशू कसरी निपुण हुनुभयो? तर उच्च वर्ग, सम्पन्न वर्ग, धनी वर्ग, धर्मका रक्षक भनाउँदाहरू वा धर्मगुरूहरूले उहाँको सन्देश हतपत किन बुझ्न सकेनन् र ग्रहण गर्न सकेनन्? तल्लो आर्थिक वा विपन्न वर्गमा येशू जन्मनु भएको हुनाले सर्वसाधारण र मजदुर वर्गहरूको हृदय र दिमागमा आफूलाई भित्राउन उहाँ सक्षम् हुनुभएको थियो। यदि उहाँ राजकिय खान्दानमा राजकुमार भएर वा धनी जमिन्दार वा व्यापारी वर्गमा जन्मनु भएको भए सर्वसाधारणको बीचमा के उहाँ काम गर्न सक्नुहुन्थ्यो त?

आ. पावलले १ कोरन्थी १:२६-३१मा लेख्दछन् "२६ भाइ हो, जब तिमीहरू बोलाइएका थियौ, तिमीहरू कस्ता थियौ? सो विचार गर। सांसारिक स्तरअनुसार तिमीहरूमध्ये धेरै जना बुद्धिमान्, धेरै जना शक्तिशाली र धेरै जना खानदानी थिएनौ। २७ तर बुद्धिमान्हरूलाई शर्ममा पार्न परमेश्वरले संसारका मूर्ख कुराहरूलाई छान्नुभयो, र शक्तिशालीलाई शर्ममा पार्नलाई परमेश्वरले संसारका निर्बल कुराहरूलाई छान्नुभयो। २८ परमेश्वरले संसारका नीच र तुच्छ ठहरिएका कुराहरूलाई चुन्नुभयो। यहाँसम्म कि नगण्य कुराहरूलाई पनि चुन्नुभयो, यस हेतुले कि जुन कुरा छन् ती व्यर्थ ठहरिऊन्, २९ र कुनै प्राणीले परमेश्वरको सामुन्ने अहङ्कार नगरोस्। ३० परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरूका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता र

पवित्रता र हाम्रा उद्धार बनाउनुभयो। ३१ यसैले लेखिएको छ, “गर्व गर्नेले प्रभुमा नै गर्व गरोस्।” पावलले के उल्लेखनीय विषयवस्तु यहाँ औंल्याइएका छन्? वुद्धिमान, प्रवुद्ध र सम्पन्न मानिसहरूलाई लाजमा पार्न परमेश्वरले संसारका तुच्छ, सबैले हेपेका वस्तुहरूलाई चुन्नु भयो रे! बलियो छु, अधिकार पाएको छु भन्नेलाई शर्ममा पार्न संसारका कमजोरीहरूलाई चुन्नु भयो रे! त्यस गजबको तर्कलाई येशूभक्तहरूले कसरी लिने? संसारको बाटो कसरी बटारिएको रहेछ भनेर ती पदहरूले हामीलाई कसरी सतर्क गराउँछ? हामी आफै पनि त्यस्तो पापी धरापमा नपर्न कसरी चनाखो भएर बस्नु पर्छ?

इ. जान्ने सुन्ने भनाउँदाहरूको बीचमा बाहेक सर्वसाधारण मानिसहरूको बीचमा बाइबल अध्ययन गर्न किन सजिलो हुन्छ? बाइबलको बारेमा वाख्या गर्दा सर्वसाधारण मानिसहरूलाई ध्यानमा राख्दा हामीलाई कस्तो प्रभाव पार्न सक्छ? येशू भक्त बनाउन चाहन्छौं भने सर्वसाधारणले जानेका सुनेका विषय वस्तुहरूतिर ध्यान दिएर तिनीहरूको स्तरमा आउनु जरुरी छ। नत्र भने ठूला ठूला कुराहरू वा विषय वस्तुहरूको बारेमा औंल्याउँदा कतिले त बुझ्न पनि सक्दैनन् कतिको हृदयमा ढक्का पनि पर्दछन्। येशूलाई विश्वास नगर्नेहरूलाई विश्वस्त पार्न ती मानिसहरूको वौद्धिक ज्ञान, आर्थिक अवस्था, वर्ग आदिहरूतिर संवेदनशील हुनुपर्छ।